# वित्तीय जानकारी इकाईद्वारा ज्ञान आदानप्रदान कार्यक्रम आयोजना

वित्तीय जानकारी इकाईले २०८० साउन १५ गते सोमबारका दिन इकाईका कर्मचारीहरू बीच ज्ञान आदानप्रदान कार्यक्रम आयोजना गऱ्यो । उक्त कार्यक्रममा इकाईका प्रमूख/निर्देशक, उप-निर्देशकहरु तथा सम्पूर्ण कर्मचारीहरुको उपस्थिति रहेको थियो ।

कार्यक्रममा उप-निर्देशक श्री स्वरुप श्रेष्ठले नेपालको APG Third Round Mutual Evaluation Procedures, APG को बार्षिक बैठक २०२३ र उक्त बैठकमा भएको छलफल सम्बन्धी वार्ता प्रस्तुत गर्नु भएको थियो । यसैगरी सहायक (सू.प्र.) विवेश पोखरेलले इकाईमा रहेका Manual Suspicious Transactions Report (STR) सम्बन्धी अभिलेख राख्नको लागि तयार गरिएको Record Management Software (RMS) को उपयोग र प्रविष्टी गर्ने तरिका सम्बन्धमा जानकारी दिनुभएको थियो । कार्यक्रममा सहभागीहरुले आफ्नो जिज्ञासा तथा सुझावहरु राख्नुभएको थियो ।



उक्त कार्यक्रममा उप-निर्देशक श्री केशव प्रसाद रिमालले प्रस्तुत विषयबस्तुको बारेमा आफ्नो धारणा राख्दै उक्त Software पुराना STR को अभिलेख राख्न महत्वपूर्ण हुने जानकारी दिनुभएको थियो । सहजकर्ताको भूमिका उप-निर्देशक श्री विष्णु प्रसाद गुरागाईंले गर्नुभएको थियो ।

उक्त कार्यक्रममा प्रस्तुत वार्ताहरुमा सहभागीहरुले राखेका जिज्ञासा र सुझाव प्रति आफनो धारणाका साथै नेपालको तेस्रो पारस्परिक मूल्यांकनमा वित्तीय जानकारी इकाईको भूमिका बारे इकाई प्रमुख/निर्देशक श्री दीर्घ बहादुर रावलले जानकारी दिनुभएको थियो ।